"समृद्ध गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल

visit Nepal 2020

पत्र संख्या / Ref.No. : ०७६/०७७
चलानी नं. /Dispatch No. : 602

गौरीशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा ३ नं. प्रदेश, नेपाल २०७३

मिति/Date : २०७६/१०/१६

**विषय : लेखापरीक्षकमा नियुक्ति गरिएको सम्वन्धमा ।**

श्री अनिरुद्ध प्रधान
लेखापरीक्षक

उपर्युक्त सम्वन्धमा तपाईंलाई तपसिल अनुसारका विद्यालयहरुको आ.व.०७५।०७६ को लेखापरीक्षण गर्न शिक्षा नियमावली २०५९ को नियम १६(प) र १७(१) अनुसार नियुक्ति गरिएको छ। सम्वन्धित विद्यालयमा सम्पर्क राखी शिक्षा नियमावलीमा उल्लेखित कुराहरु र अन्य प्रचलित कानून वमोजिम तपसिलमा उल्लेखित बुँदाहरुलाई ध्यानमा राखी लेखापरीक्षकको काम, कर्तव्य र अधिकारको निष्ठापूर्वक वहन गरी वि.व्य.स.र शिक्षक अभिभावक संघको रोहवरमा लेखापरीक्षण कार्य सम्पन्न गरी रीतपूर्वकको प्रतिवेदन एक/एक प्रति गाउँपालिकामा र सम्वन्धित विद्यालयमा अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ।

| तपसिल |
|---|
| लेखापरीक्षण गर्न तोकिएको विद्यालयहरुको नाम : |
| १. निलकन्ठेश्वर माध्यमिक विद्यालय जुँगु २. नवकन्चन प्र.वि. जुँगु ३. यार्सा प्रा.वि. जुँगु ४. कालिदेवी प्रा.वि.जुँगु ५. मारिओन प्रा.वि.जुँगु |
| ६. शिवदर्शन प्रा.वि.जुँगु ७. चेत्पु प्रा.वि.जुँगु ८. कुटीडाँडा प्रा.वि.जुँगु ९. नागेश्वरी प्रा.वि.जुँगु १०. सेतीदेवी प्रा.वि.जुँगु |

**बुँदाहरु :**

१. विद्यालयको आय-व्ययको स्रेस्ता शिक्षा नियमावली २०५९ को अनुसूची २३ को ढाँचामा राखेको छ/छैन। नराखेको भए प्रतिवेदनमा उल्लेख गर्ने।
२. शिक्षकहरुको स्थायी, अस्थायी तथा राहत नियुक्ति, बढुवा, तलव निर्धारणवारे सामुदायिकतर्फ शिक्षा विकास तथा समन्वय इकाई र संस्थागत विद्यालयतर्फ वि.व्य.स.को अनुमति पत्र छ/छैन। हाजिरी रेकर्ड र तलव खर्च भिड्छ/भिड्दैन।
३. तहगत शिक्षक दरवन्दी विवरण, तलव स्केल, ग्रेड र विदाको विवरण। शिक्षकको रुजु हाजिरी र वि.व्य.स.ले प्रमाणित गरेको आधारमा तलव भत्ता भुक्तानी भए/नभएको।
४. विद्यालयबाट उठाईने विभिन्न शुल्क र खर्चमा वि.व्य.स.को निर्णय भएको छ/छैन।
५. बजेट वक्तव्य अनुसार स्थायी, अस्थायी, राहत, प्रारम्भिक बाल शिक्षा तथा निजीस्रोत लगायतमा कार्यरत सबै शिक्षकहरुको पारिश्रमिकमा १ प्रतिशत सामाजिक सुरक्षा कर तथा अन्य आयकर र बहालकर कट्टी गरी बैंक दाखिला गरेको छ/छैन। ( यस बुँदाको प्रयोजनको लागि बार्षिक आम्दानी प्राकृतिक एकल व्यक्तिको रु.३,५०,००० र दम्पतिको रु. ४,००,००० सम्मको करयोग्य आयमा १ प्रतिशत, चार लाख पच्चास हजार र पाँच लाखसम्म १५ प्रतिशत र चार लाख पच्चास हजार र पाँच लाख भन्दा बढीभए २५ प्रतिशत ले करकट्टी गनुपर्ने र शिक्षा सेवा कर १ प्रतिशत राजश्व दाखिला भए नभएको समेत प्रतिवेदनमा उल्लेख गर्नुपर्ने)
६. विद्यालयले खरीद, गरेको निर्माण सामग्रीको विलको रकममा १.५% अग्रिम आयकर, सामान ढुवानीमा १०% बहालकर कट्टा गरी सम्वन्धित राजस्व खातामा दाखिला भए नभएको प्रतिवेदनमा खुलाउनुपर्ने।
७. संस्थागत तर्फ आवास सुविधावापत के कति रकम उठाएको छ र त्यस मध्ये कुन-कुन प्रयोजनार्थ खर्च गरिएको छ, सो उल्लेख गर्ने।
८. विद्यालयलाई गाउँपालिका मार्फत प्राप्त विभिन्न सरकारी अनुदान, गैरसरकारी संस्था तथा अन्य जुनसुकै स्रोतवाट प्राप्त भएको नगद आम्दानी तथा जिन्सी सामानको लगत राखे/नराखेको।
९. विद्यालय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत छात्रा, अपाङ्ग, दलित, सिमान्तकृत, द्वन्दपिडीत लगायतका छात्रवृत्ति वितरण पारदर्शी भए नभएको र वि.व्य.स.को निर्णयानुसार सम्वन्धित विद्यार्थीले सो छात्रवृत्ति पाए, नपाएको सो सम्वन्धी भरपाई, साथै प्रति विद्यार्थी लागत, पाठ्यपुस्तक, प्रशासनिक खर्च नियमानुसार खर्च भए नभएको।
१०. विभिन्न स्रोतवाट वनेका विद्यालय भवन, मर्मत, शौचालय, खानेपानी लगायतका भौतिक निर्माणका कार्यहरु भए सोको नियमानुसार खर्च तोकिएको डिजाइन, सम्झौता तथा मापदण्ड अनुसार प्राविधिकवाट कार्यसम्पन्न प्रतिवेदन तयार भए/नभएको।
११. विद्यालयले सामाजिक परीक्षण समयमै गरे/नगरेको।
१२. विद्यालयमा रुजु हाजिर तथा अन्तिम परीक्षामा सम्मिलित विद्यार्थी संख्याको आधारमा मात्र पाठ्यपुस्तक र छात्रवृत्ति अनुदान वितरण गरे/नगरेको।
१३. कार्यालयवाट निकासा गरिएको रकम तत् प्रयोजनका लागि मात्र खर्च गरे/नगरेको।
१४. शिक्षकहरुको लागि निकासा गरिएको पोसाक भत्तावापतको रकम उपयोग गरे/नगरेको।
१५. विद्यालयमा वक्यौताको रुपमा रहेका बेरुजु फछ्यौटका लागि आवश्यक कागजात तयार गर्ने सुझाव र बेरुजु रहनुका कारण तथा सोको लेखापरीक्षण सम्पन्न गरेवापत तपाईंले सयकडा २५ (पच्चिस) पैसाका दरले नियमानुसार सम्वन्धित विद्यालयबाट पारिश्रमिक पाउनुहुनेछ। सोभन्दा बढी रकम दावी गर्न पाइने छैन। आय व्यय महलमा एकतर्फको हिसाबले हुनआउने रकम मात्र पारिश्रमिक वापत पाइनेछ। तोकिएको मिति भित्र लेखापरीक्षण सम्पन्न गर्न नसके सोको कारण सहित जानकारी यस कार्यालयमा पेश गर्नुपर्नेछ।

२०७६।१०।१६

.............
प्रदिप कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

१. निलकन्ठेश्वर माध्यमिक विद्यालय जुँगु २. नवकन्चन प्र.वि. जुँगु ३. यार्सा प्रा.वि. जुँगु ४. कालिदेवी प्रा.वि.जुँगु ५. मारिओन प्रा.वि.जुँगु ६. शिवदर्शन प्रा.वि.जुँगु
७. चेत्पु प्रा.वि.जुँगु ८. कुटीडाँडा प्रा.वि.जुँगु ९. नागेश्वरी प्रा.वि.जुँगु १०. सेतीदेवी प्रा.वि.जुँगु